**बेष्ट फाईनान्स कम्पनी लिमिटेडको**
**२९ औं बार्षिक साधारण सभाको**
**काम कारवाहीको विवरण (माइन्यूट)**

**मिति** : २०८२ साल पौष ३० गते, बुधबार (तदनुसार १४ जनवरी २०२६)

**स्थान** : सिद्धार्थ कटेज, तिनकुने, कोटेश्वर, काठमाडौं

**समय** : विहानको ११.०० बजे ।

राज सुन्दर श्रेष्ठ
कम्पनी सचिव

डा.रामजी गौतम
अध्यक्ष, संचालक समिति
तथा
सभापति, २९ औं बार्षिक साधारण सभा

बेष्ट फाइनान्स कम्पनी लिमिटेडको
उन्नतिसौं बार्षिक साधारण सभाको
काम कारवाहीको विवरण (माइन्यूट)

**१) बैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र संस्थाको नियमावली बमोजिम उन्नतिसौं २९ औं बार्षिक साधारण सभा संस्थाका संचालक समितिका अध्यक्ष श्री डा.रामजी गौतमको सभापतित्वमा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषय उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२) सभाको मिति, स्थान र समय :**

**मिति** : २०८२ साल पौष ३० गते, बुधबार (तदनुसार १४ जनवरी २०२६)

**स्थान** : सिद्धार्थ कटेज, तिनकुने, कोटेश्वर, काठमाडौं

**समय** : विहानको ११.०० बजे ।

**३) सभा सम्बन्धि सूचना** :मति २०८२ पौष ०८ गते मंगलवारका दिन बसेको सञ्चालक समितिको ६३२ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभा २०८२ साल पौष ३० गते, बुधबार ( तदनुसार १४ जनवरी २०२६) बस्ने बारेको सूचना, छलफलका बिषयहरु, लेखापरिक्षकको प्रतिवेदन, संचालक समितिको प्रतिवेदन सहितको सूचना शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा तथा ईमेल तथा एस.एम.एस. लगायतका विद्युतीय माध्यम मार्फत पठाइएको र सो सम्बन्धी सूचना मिति २०८२ पौष ९ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिक तथा मिति २०८२ पौष १४ गतेको "सौर्य" राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सार्वजनिक रुपले सूचित गरिएको थियो ।

**४) छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०८१/०८२ को बार्षिक वित्तीय विवरण (२०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) का सम्बन्धमा छलफल गरी पारित गर्ने ।

३. आ.व. २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक समेत अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१) यस बित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्ने, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायतका मर्जर सम्बन्धी अन्य आबश्यक प्रक्रिया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) बिबिध**

**५) सभामा उपस्थिति :**

**५.१** सञ्चालकहरुको उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम तथा उपस्थिति हुनु भएको

अध्यक्ष : श्री प्रा.डा. रामजी गौतम
सञ्चालक : श्री खिमलाल पौड्याल
सञ्चालक : श्री रामचन्द्र देवकोटा
सञ्चालक : श्री सुशिला खनाल
सञ्चालक : श्री विष्णु प्रसाद ज्ञवाली
सञ्चालक : श्री राम लाल श्रेष्ठ
स्वतन्त्र सञ्चालक : श्री बौद्ध राज अर्याल

**५.२** पर्यवेक्षक, आमन्त्रितहरुको उपस्थिति :

१) श्री अरुण पौड्याल – कानुनी सल्लाहकार
२) श्री सुनिल अधिकारी – वाह्य लेखापरीक्षक (एस.ए.आर.एशोशियटस चार्टर्ड कम्पनी )

**५.३** पदाधिकारीहरुको उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री बालनरसिंह घर्ती | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री रविन्द्र श्रेष्ठ | अनुपालना विभाग, प्रमुख |
| ३. | श्री राज सुन्दर श्रेष्ठ | कम्पनी सचिव |

**५.४** शेयरधनी हरुको उपस्थिति :

१) स्वयम उपस्थित : ७२ जना
२) प्रतिनिधिद्वारा उपस्थित : ५२ जना
३) जम्मा उपस्थिति शेयरधनी संख्या : १२४

६  **सभाको गणपुरक संख्या :** :कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम

| सेयर तथा सेयरधनी | जम्मा | स्वयम् उपस्थिति | प्रतिनिधीद्वारा उपस्थित | जम्मा उपस्थित | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा सेयर संख्या | ८९,०४,२४२ | २९,१६,६२७ | १९,२७,१०३.०० | ४८,४३,७३०.०० | ५४.४० % |
| जम्मा सेयरधनी | १८,६३७ | ७२ | ५२ | १२४ | |

**७. सभाको बैधानिकता :**

**७.१** साधारणसभा शुरु हुनु अघि सभामा उपस्थित सेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरूलाई कम्पनी सचिवले संस्था तथा आफनो तर्फवाट स्वागत गर्दै कम्पनी ऐन २०६३ र संस्थाको नियमावली तथा प्रचलित कानुन बमोजिम संस्थाको उन्नतिसौं बार्षिक साधारण सभा बोलाइएको जानकारी गराउनु भयो ।

**७.२.** सभा संचालनको लागि कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ र संस्थाको नियमावली बमोजिम साधारणसभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी  कम्पनी सचिवले सभामा गराउनु भयो ।

**७.३** गणपुरक संख्या पुगेका हुँदा सभा रीतपूर्वक बोलाइएको सभा गर्न मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय उपर छलफल गर्न मन्जुर गरियो ।

**८.** सभाको बैधानिकता एकीन भएपछि कम्पनी ऐन २०६३ को दफा ६९ को उपदफा २ र संस्थाको नियमावली बमोजिम संस्थाको संचालक समितिका अध्यक्ष श्री प्रा.डा.रामजी गौतमज्यूलाई संस्थाको यस उन्नतिसौं बार्षिक साधारणसभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र संस्थाको संचालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

**९.स्वागत मन्तव्य :**

यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री बालनरसिंह घर्तीज्यूले सभामा उपस्थित सेयरधनीहरु, अतिथी एवम आमन्त्रित व्यक्तित्वहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्यका साथ संस्थाको बर्तमान स्थितिको बारेमा PowerPoint Presentation को माध्यमबाट जानकारी गराउनु भयो ।

**१०. सभा सञ्चालन र संचालक समितिको तर्फवाट अध्यक्षको प्रतिवेदनको प्रस्तुती :**

**१०.१** संस्थाका अध्यक्ष श्री प्रा.डा.रामजी गौतमले पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत उद्घाटन गर्नु भयो । साथै शेयरधनी कृष्ण प्रसाद अधिकारीले स्वस्ति शान्ति वाचन गर्नु भयो ।

बेष्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD.

१०.२ संस्थाको संचालक समितिको तर्फवाट अध्यक्षको वार्षिक प्रतिवेदन २०८१/८२ साधारणसभा समक्ष प्रस्तुत गर्नुभयो ।.

१०.३ सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात र आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब लगायत बार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०.४ आ.व. २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक समेत अनुमोदनको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०.५ यस वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्ने, चल अचल सम्पति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मूल्याँकनकर्ता नियुक्त गर्ने निजको पारिश्रमिक तोक्ने लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

११. साधारणसभामा शेयरधनीहरुको निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने कम्पनी ऐन २०६३ को दफा ७४ मा व्यवस्था भए अनुरुप सभापतिद्वारा प्रस्तुत प्रस्तावहरु समेतमा छलफलको लागि मन्तव्य, विचार, जिज्ञासा तथा सुझाव राख्न चाहने सेयरधनी महानुभावहरूलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।

**११.१ छलफलमा सहभागी हुने सेयरधनीहरू :**

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा ३ जना सेयरधनीहरू स्वयम उपस्थित भई तथा १४ जना सेयरधनीले लिखित रुपमा संस्थाको काम, कारवाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदन सम्बन्धमा आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । लिखित सुझाव तथा वक्ता सेयरधनीहरूको नामावली निम्नानुसार रहेको छ ।

१) राजेन्द्र कुमार शर्मा (२) रोविन्द प्रसाद श्रेष्ठ (३) देवेन्द्र प्रसाद ध्वजु (५) ब्रम्हदेव शाक्य (६) चन्द्र नारायण श्रेष्ठ (७)उद्धव प्रसाद घिमिरे (८) ईन्द्र प्रसाद लामिछाने (९) डमरुवल्लभ घिमिरे (१०) अमिर दास रन्जित (११) नरसिंहलाल चख्खु (१२) श्री ईन्द्र कृष्ण श्रेष्ठ (१३) लक्ष्मण वहादुर श्रेष्ठ र (१४) जगन्नाथ आचार्य

**१२. सेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा लिखित सुझावहरूको संक्षिप्त विवरण :**

१। धेरै पछि साधारणसभा समयमै गर्न सफल भएकोमा धेरै खुशी लाग्यो । व्यवस्थापनले अघिल्लो पटक गरेको वाचा पुरा गर्न सफल भएकोमा बधाई ज्ञापन गर्दछौं ।

२। संस्थाले विगतमा भन्दा अहिले संस्थाको लागि आवश्यक नीति निर्माण गरेको देखिन्छ, जसले संस्थालाई दिर्घकालिन लक्ष्य प्राप्तिमा सहयोग पुग्ने ठानेका छौं ।

३। संस्थाले विगत १२ वर्ष देखि सेयरधनीलाई प्रतिफल दिन नसकेकोले प्रतिफल प्रदान गर्ने दिशामा व्यवस्थापन लाग्नु पर्ने देखिन्छ ।

४। संस्थाको गैर बैकिङ्ग सम्पति अधिक रहेकोले छिटो लिलाम बिक्री गरी घटाउनु पर्ने ।

५। संस्थाले मर्जमा जाँदा सवल कम्पनी तथा आफ्नो स्तर अनुसारको संस्थासँग Merger मा जान उपयुक्त हुने ।

६। संस्थाले गर्ने खर्चमा मितव्ययीता अपनाउन पर्ने देखिन्छ ।

७। संस्थाको Negative Retained Earnings लाई सुधार गर्नु पर्ने देखिन्छ ।

८। संस्थामा खराव कर्जा बृद्धि भएको देखिन्छ । हालको आर्थिक अबस्थाको कारण हो जा व्यवस्थापकीय त्रुटीका कारण हो सो सम्बन्धमा अध्ययन गरी निचोडमा पुग्नु पर्ने देखिन्छ ।

९। संस्थालाई Gen–Z आन्दोलनले कतिको प्रभाव पारेको छ, सो सम्बन्धमा अध्ययन गरिनु उपयुक्त हुने देखिन्छ ।

**१३.सभापतिज्यूले दिनु भएको जवाफहरू :**

छलफलको क्रममा सहभागी सेयरधनी महानुभावले प्रस्तुत गर्नु भएका मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरु प्रति संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री प्रा.डा.रामजी गौतमज्यूले उपस्थित सेयरधनी महानुभावहरूले संस्थाको हितको लागि आफनो अमूल्य राय सल्लाह सुझावहरु दिनु भएकोमा सम्पूर्ण सेयरधनी महानुभावहरूलाई धन्यवाद दिदै सेयरधनी महानुभावहरूले दिनुभएका सुझावहरु स्वागत योग्य रहेको र उक्त सुझावहरूलाई आत्मसाथ गर्दै सेयरधनी महानुभावहरूको सल्लाहलाई कार्यान्वयन गर्दै जानेजानकारी सभालाई गराउनुभयो ।

**अध्यक्षज्यूबाट अनुमति लिइ प्रमुख कार्यकारी अधिकृतज्यूले दिनु भएको जवाफ :**

१। संस्थाको Negative Earnings लाई घटाउनको लागि योजना तयार गरी संचालक समितिबाट स्वीकृत गरी लागू गरी सकेको ।

२। संस्थाको गैर बैकिङ सम्पतिलाई लिलाम विक्री गर्नका लागि नीति तथा कार्ययोजना तयार गरी लागू गरी सकेको र गैर बैकिङ्ग सम्पति लिलाम बिक्रीमा सहज गर्न Auction Financing Product Paper तयार गरी कार्यान्वयन गरीएको । उक्त नीति, योजना र Product Paper ले गैर बैकिङ सम्पति विक्री गरी गर्न योगदान दिइरहेको जानकारी गराउनुभयो ।

३। संस्थामा खराव कर्जा बृद्धि भएको सम्बन्धमा व्यवस्थापनले अध्ययन गरिरहेको र सुझाब अनुसार आबस्यक देखिएमा अध्ययन/छानबिन समिति गठन गर्ने प्रकृया अगाडि बढाइने जानकारी दिनुभयो ।

बेस्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD.

४। संस्थाले मर्जको लागि धेरै संस्थासँग सम्वाद गर्दै आएको र उपयुक्त संस्था पाइएमा सो सम्बन्धमा स्वीकृतिका लागि साधारण सभामा प्रस्ताब राखिने जानकारी दिनुभयो ।

५। Gen–Z आन्दोलन तथा दशै, तिहार चाडको लामो विदा तथा बाढी पहिरो लगायतको कारण निष्कृय कर्जा बढ्न गइ कर्जा नोक्सानी व्यवस्था बढ्न पुगेको जानकारी दिनुभयो ।

**१४.सभाको निर्णयहरु :**

सभापतिजीले जवाफ दिने क्रम सकिए पछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरूमा देहाय बमोजिम निर्णय भयो ।

**(क) सामान्य प्रस्ताव :**

**१) यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०८१/०८२ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

**सभाको निर्णय :** यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०८१/०८२ को संचालक समितिको प्रतिवेदन सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**२. सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापति ज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात र आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब लगायत बार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।**

**सभाको निर्णय :** लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८१/०८२ को बार्षिक वित्तीय विवरण (२०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**३. आ.व. २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक समेत अनुमोदन गर्ने ।**

**सभाको निर्णय :** लेखा परिक्षण समितिको बैठकवाट सिफारिश बमोजिम आर्थिक वर्ष आ.व २०८२/८३ को वाह्य लेखापरिक्षण गर्नको दिपेश अर्याल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई पारीश्रमिक रु.५,६५,०००|०० ( पाँच लाख पैसाठी हजार रुपैया मात्र) (भ्याट सहित) भुक्तानी गर्ने गरी वाह्य लेखापरीक्षकमा नियुक्ती गर्ने निर्णय गरियो ।

(ख) विशेष प्रस्ताव

**१.यस वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र**

बेष्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD.

**दायित्व मुल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

**सभाको निर्णय :** यस वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ग) विविध :**

यस अठाईसौं बार्षिक साधारण सभाको निर्धारित विषय सूची नं "ग" मा रहेको बिबिध शिर्षकमा छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१६.सभा विसर्जन :**

अध्यक्ष श्री प्रा.डा. रामजी गौतमज्यूले वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभामा उपस्थित सेयरधनीहरूको उत्साहजनक सहभागीता भएकोमा खुशी प्रकट गर्दै वित्तीय संस्थाको उन्नती तथा प्रगतिको लागी सहयोग पुऱ्याउनुहुने ग्राहक महानुभावहरू, सेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक लगायत नियमक निकाय लगायत सेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेडबाट पाएको सहयोग प्रति हार्दिक आभार प्रकट गर्नुभयो । साथै वित्तीय संस्थाको संस्थागत सुदृढीकरणको लागी महत्वपूर्ण भूमिका निर्बाह गनुहुर्ने वित्तीय संस्थाका बाह्य लेखापरीक्षक श्री सुनिल अधिकारीज्यू (श्री एस.ए.आर.एशोशियटस, चार्टड एकाउन्टेन्ट), कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता श्री अरुण पौड्यालज्यूलाई हार्दिक धन्यबाद ब्यक्त गर्दै संस्थाको उन्नती तथा प्रगतिको लागि सेयरधनीहरूले यस सभामा राख्नु भएको सुझाव तथा सल्लाहलाई आत्मसाथ गरी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जाहेर गर्दै सभालाई सफलतापूर्वक सम्पन्न गर्न भुमिका निर्वाह गर्नुहुने व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै सञ्चार माध्यम तथा सम्पूर्ण शुभचिन्तकहरु प्रति आभार प्रकट गर्दै सभा समापन भएको घोषणा गर्नु भयो

..................
राज सुन्दर श्रेष्ठ
कम्पनी सचिव

बेस्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD.

......................
प्रा.डा. रामजी गौतम
अध्यक्ष, सञ्चालक समिति
तथा
सभापति,
उन्नतिसौं बार्षिक साधारण सभा